# छायाँनाथ रारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गमगढी, मुगु
कर्णाली प्रदेश, नेपाल


पत्र संख्या : २०८१/०८२
चलानी नं. :

मितिः२०८२।०४।०९ गते
ने.सं. ११४५

विषयः स्तरवृद्धिको लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना ।
(स्तरवृद्धिको सूचना प्रथम पटक प्रकाशित मितिः २०८२।०४।०९ गते)
(स्तरवृद्धि सूचना नं.- ०१-०८२/०८३)

प्रस्तुत विषयमा कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ९ बमोजिम पदपूर्ति गरिने व्यवस्था र सोही ऐनको दफा २६ मा स्तरवृद्धि सम्बन्धी व्यवस्था भएको तथा नियमावली, २०८१ को परिच्छेद-६ को नियम २९ मा समेत स्तरवृद्धि सम्बन्धी व्यवस्था भए अनुसार स्तरवृद्धिका लागि संशोधित ऐनको दफा २६ र २९ बमोजिमको योग्यता पुगेका यस नगरपालिकामा कार्यरत पाँचौ र सातौं तहका कर्मचारीहरुले नियमावलीको अनूसूची-१८ बमोजिमको फाराम भरी तपसिलका कागजात सहित सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा यस कार्यालयको प्रशासन शाखामा आवेदन पेस गर्न हुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

१. सक्कल निवेदन
२. कर्णाली प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८१ को अनुसूची– १८ बमोजिमको प्रमाणित फाराम ।
३. नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।
४. बढुवा हुने तह भन्दा एक तह मूनीको तहमा ५ (पाँच) वर्ष सेवा अवधी पुगेको । (अवधी खुल्ने कागजातहरु शुरु नियुक्ती पत्र/बढुवा नियुक्ती पत्र/समायोजन पत्र/पदस्थापना पत्रको प्रमाणित प्रतिलिपी)
५. आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
६. पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम।
७. अध्यावधिक वैयक्तिक विवरण (PIS) को प्रतिलिपि।
८. हालसम्म विभागीय कारवाही परेको तथा प्रचलित कानून बमिजिम स्तर वृद्धिका लागि अयोग्य नरहेको स्वघोषण पत्र।

**नोटः आवेदन फाराम पेश गर्ने अन्तिम दिनका दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोली पल्ट अर्थात कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।**

२०८२-०४-०९

..........................
दिपेन्द्र चौधरी
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री छायाँनाथ रारा नगरपालिका
सूचना प्रविधि शाखा गमगढी मुगुः नगरपालिकाको **website** मा अपलोड गर्नु हुन ।